अनुसूची-१०

(१५ औ नगरसभाको मिति २०८१।०९।२४ को निर्णय नं. ११ ङ बमोजिम)

संवत् २०८१ सालको ऐन नं.१२

**न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावना :** न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, बुढानीलकण्ठ नगरपालिकाको १५ औं नगरसभाले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "न्यायिक समिति (कार्यविधिसम्बन्धी) (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

१. **न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५ को दफा ७१ मा संशोधन :**

न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७५ को दफा ७१ को मेलमिलाप दस्तुरको सट्टा देहायको खण्ड राखिएको छ :-

(१) बैठक भत्तासम्बन्धी

(क) नगर मेलमिलाप केन्द्र र वडा मेलमिलाप केन्द्रका मेलमिलापकर्ताले विवाद मेलमिलापको लागि बसेको एक सत्रको रु. १०००।०० को दरले करकट्टी गरी बैठक भत्ता पाउनेछन् । एक विवादको बढीमा ३ सत्रको बैठक भत्ता मात्र प्रदान गरिनेछ ।

(ख) मेलमिलापकर्तालाई दिने भत्ता नगरपालिकाले वार्षिक बजेटमा व्यवस्था गर्नुपर्नेछ ।

बुढानीलकण्ठ नगरपालिकाको १५ औं नगरसभाबाट पारित यो विधेयक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

मिठाराम अधिकारी

प्रमुख

मिति : २०८१।०९।२८